Office Of The Rural Municipal Executive
पत्र संख्या /Letter No.:
चलानी नं. /Ref. No.:
दोभान, पाल्पा
Dobhan, Palpa
स्था : २०७३/Estd. 2017 A.D.
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

## उपचार खर्च सुविधा नविकरण गर्ने बारेको सुचना ।

(सुचना प्रकाशित मितीः २०८३।०३।३२)

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने कार्यविधि २०७८ अनुसार तिनाउ गाउँपालिकाका उल्लेखित समस्या भएका विपन्न लाभग्राही स्थायी बासिन्दाहरुले आ.ब. २०८३।२०८४ मा मासिक रु ५००० (पाच हजार) औषधी उपचार खर्च पाउनका लागी आवश्यक कागजातहरु २०८३ श्रावण २१ गते भित्रमा तिनाउ गाउँपालिकाको कार्यालयमा पेश गर्नु हुन सरोकारवाला सवै (नया+पुराना बिरामीहरु) का लागि यो सुचना प्रकाशित गरिएको छ।

लाभग्राहीहरुः-

मृगौला प्रत्यारोपण गराएका, डायलाइसिस गराइरहेका, क्यान्सर रोग पहिचान भएका, (क्यान्सर पहिचान भई उपचारपछि निको भईसकेका तर चिकित्सकले तीन-तीन महिना भित्र निरन्तर निगरानीमा राखेका व्यक्ति) र मेरुदण्ड पक्षाघात भएका (रातो र नीलो अपाङ्ग परिचय पत्र बाहक) व्यक्ति

आवश्यक कागजातहरुः-

उपचार खर्च पाउनका लागि राष्ट्रिय परिचय पत्र नम्बर वा नागरिकता प्रमाणपत्रको प्रतिलिपि, नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, अनुसुचि-१ बमोजिमको ढाँचामा चिकित्सकको सिफारिस (नया/पुरानो) प्रतिलिपि, मेरुदण्ड पक्षघातको हकमा अपाङ्गता सम्वन्धी प्राप्त गरेको रातो वा निलो कार्डको प्रतिलिपि, उपचार गरिरहेको कार्डको प्रतिलिपि र बैकको चेकको प्रतिलिपि सहित सम्वन्धित वडा कार्यालयमा अनुसुचि-२ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ र वडाको सिफारिस सहित सम्पूर्ण कागजात तिनाउ गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ।

(नोटः क्यान्सर निको भएका विरामीले ३/३ महिनामा पछिल्लो २ पटक जाचँ गरेको कागज अनिवार्य)

..............................

कृष्ण कार्की